


# हाम्रो अभियान

## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान

अंक ४ | वर्ष १ | चैत २२ गते | साप्ताहिक समाचारपत्रिका

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराका निर्देशक डा विनोद विन्दु शर्माको अध्यक्षतामा मिति २०७६/१२/१४ मा बसेको कर्मचारी व्यवस्थापन र अस्पताल व्यवस्थापन समितिको संयुक्त बैठकले गण्डकी प्रदेशमा नोभल कोरोना भाइरस (कोभिड -१९) को रोकथाम, नियन्त्रण, उपचार तथा समग्र व्यवस्थापन पक्षका लागि विभिन्न अस्पतालबाट चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुलाई काममा खटाउन Duty Roster तयार पार्ने कार्यादेश अनुसार गठित समितिको पहिलो बैठक मिति २०७६/१२/१६ गते आइतबारका दिन स्वास्थ्य निर्देशनालयको सभाहलमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

प्रि-आइसोलेसन, डेडीकेटेड आइसोलेसनमा कोरोना प्रभावित विरामीको उपचार गर्नको लागि सम्पूर्ण सरकारी, निजि तथा सामुदायिक अस्पतालका चिकित्सकहरु, नर्स, पारामेडिक्स र अन्य सहयोगी कर्मचारीहरुको नामावली संकलन गरि व्यवस्थापन समितिले खटाएको बेला अनिवार्य ड्युटीमा गइ सेवा गर्ने निर्णय गरियो ।

प्रि- आइसोलेसन वार्डका लागि आवश्यक पर्ने स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिको पहिलो हप्ता मणिपाल अस्पतालले व्यवस्था गर्ने त्यसपछि गण्डकी मेडिकल कलेजले त्यसपछि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पस्चिमान्चल क्षेत्रिय अस्पतालले व्यवस्था गर्ने र चौथो हप्ता आर्मी अस्पतालको नेतृत्वमा निजि र सामुदायिक अस्पतालहरु मिलेर व्यवस्था गर्ने । आवश्यक परेमा जिल्लाका चिकित्सक तथा स्वास्थ्यकर्मी समेत परिचालन गरिनेछ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान डेडीकेटेड आइसोलेसन अस्पताल तोकीइसकेको सन्दर्भमा सो अस्पतालले आवश्यकीय व्यवस्थापन तत्काल गर्ने र बैकल्पिक आइसोलेसन अस्पतालको रुपमा क्रमिक रुपमा निम्न अस्पताललाई तोक्ने निर्णय गरियो ।

- ✓ पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ।
- ✓ चरक मेमोरियल अस्पतालको पुरानो संरचना ।
- ✓ लेखनाथ सामुदायिक लायन्स अस्पताल ।
- ✓ मातृशिशु अस्पताल ।

४. अस्पताल तथा अन्य व्यवस्थापकीय कार्यमा मा खटिने चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीलाई तलब,भत्ता र विमाका साथै आवश्यक व्यक्तिगत सुरक्षा सामग्रीको व्यवस्था स्वास्थ्य निर्देशनालय र प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले गर्ने निर्णय गरियो ।

५. चेकजाँच र औषधी उपचारमा लाग्ने खर्च सम्बन्धित अस्पताललाई प्रदेश सरकारले भुक्तानी गर्ने तथा काममा खटिने चिकित्सक, स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीलाई खाना, वास र यातायातको व्यवस्था गर्ने निर्णय गरियो ।

कोरोना सम्बन्धि कुनै पनि जानकारी लिन वा दिन परेमा, स्वास्थ्य सामग्रीहरुको कालो बजारी गरेको पाइएमा, कोरोना सम्बन्धि कुनै गलत प्रचार प्रसार वा जनतालाई भ्रमित पार्ने खालको गतिविधि भएको पाइएमा ०६१-५२४०७४ (विहान ८ देखि सांझ ५ बजे सम्म) मा फोन गर्न सक्नुहुनेछ । कोरोना भाइरस (कोभिड- १९) रोगसंग मिल्दोजुल्दो लक्षण आफु वा अरु कसैलाई देखा परेमा वा कुनै जिज्ञासा भएमा गण्डकी प्रदेश भित्रबाट फोन गर्दा पैसा नलाग्ने **फोन न. १०९२ मा फोन गरि "हेल्लो डाक्टर"** सेवा मार्फत चिकित्सकीय परामर्श तथा अन्य स्वास्थ्य सेवा प्राप्त गर्नुहोस ।

नेपाल सरकारबाट कोभिड - १९ को परिक्षण गर्नको लागि गण्डकी प्रदेश सरकारलाई संघीय सरकारबाट प्राप्त Portable PCR मेसिन बाट परिक्षण शुरु भैसकको छ र हालसम्म २१ वटा नमुना संकलन भइ सबैको नतिजा नेगेटिभ आइसकेको छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट गण्डकी प्रदेश सरकारलाई निम्नलिखित सामग्री प्राप्त भएको छ ।

- ✓ १००० थान PPE
- ✓ २०००० थान मास्क
- ✓ १० थान IR थर्मोमिटर
- ✓ ४०० थान N 95 मास्क
- ✓ २०००० थान पन्जा
- ✓ १ सेट पोर्टेबल भेन्टिलेटर

कोरोना भाइरसबाट संक्रमित व्यक्तिहरुका लागि व्यवस्थापन गर्न कास्की जिल्ला भित्र रहेका अस्पतालहरुका निर्देशक तथा प्रतिनिधिहरुको बैठक सम्पन्न भयो । बैठकले अस्पतालद्वारा प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि कर्मचारी व्यवस्थापनको लागि रोस्टर तयार गर्ने निर्णय भयो साथै प्रदेश सरकारलाई अस्पतालहरुले जुनसुकै समयमा पनि सेवा प्रवाहमा सहयोग गर्ने प्रतिबद्ता जाहेर भयो ।

गण्डकी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रि माननीय किरण गुरुङज्युले स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) को भ्रमण गरि केन्द्रबाट भएका गतिविधिहरुको निरिक्षण गर्नुका साथै कोरोना भाइरस (कोभिड -१९) को परिक्षणका लागि प्रयोगशालामा खटिने कर्मचारीको कार्यविभाजनका लागि अनुरोध गर्नुभयो ।

डेटिकेटेड अस्पतालको लागी आवश्यक पर्ने कर्मचारी व्यवस्थापनका लागी पहिलो हप्ताको लागी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले कर्मचारीको विवरण उपलब्ध गराउने निर्णय गरियो ।

hello DOCTOR १०९२




आवास तथा वित्तिय व्यवस्थापन (कोरोना संक्रमणको व्यवस्थापनका लागी) सामाजिक विकास मन्त्रालयका उप सचिव (प्रशासन) ज्यूको नेतृत्वमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य



निर्देशनालय र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेशका लेखा अधिकृतहरुको समिती गठन गरि सम्पूर्ण आर्थिक तथा वित्तीय कारोवार गर्ने निर्णय गरियो ।



गण्डकी प्रदेशमा कोरोना सम्बन्धि स्याम्पल नमुना संकलनका लागी जिल्ला सहित दिउँसो १ बजेदेखि २ बजेसम्मका लागी समय तोक्ने र यो समय का कर्मचारीहरुबाट नमुना संकलन गर्ने निर्णय गरियो। १०० बेडभन्दा कम क्षमता भएका अस्पतालहरुबाट नजिकको अस्पतालमा नमुना संकलनका लागी प्रेषण गर्ने व्यवस्था मिलाउने निर्णय गर्नका लागी डा.डुक क्षेत्री, डा राजीव लालचन र सपना सुवेदीलाई जिम्मा दिने निर्णय गरियो।
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भेन्टिलेटर स्थापनाका लागी चरक मेमोरियल अस्पताललाई जिम्मा दिने निर्णय गरियो। एकथान भेन्टिलेटर चरक मेमोरियल अस्पतालले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान भवनमा राख्ने निर्णय गरियो
जिल्लामा भएका नमुना (कोरोना भाइरसका) हरुलाई निश्चित समय तोकी पोखरा ल्याउने व्यवस्था मिलाउने मुस्ताङ, म्याग्दी, बाग्लुङ र पर्वतको नमुना पर्वत मार्फत, गोरखा, लमजुङ, मनाङ र तनहुँको तनहुँ मार्फत पोखरा ल्याउने र स्याङ्जाको अस्पताल मार्फत पोखरामा नमुना परिक्षणको लागी ल्याउने व्यवस्था मिलाउने निर्णय गरियो
Contact Tracing र द्रुत प्रतिकार्य टोलि (RRT) को पुनार्गठनको लागि EDCD तथा स्वास्थ्य स्वास्थ्य निर्देशनालयबाट गण्डकी प्रदेशका स्वास्थ्य कार्यालय र अस्पतालका प्रमुख तथा प्रतिनिधिहरु संग अनलाइन अभिमुखीकरण सम्पन्न भयो।





कोरोना भाईरसको संक्रमण सम्बन्धी कार्यक्रम हरुको बारेमा पत्रकार महासंघको सभाहलमा सम्मेलन सम्पन्न भयो।
उक्त अवसरमा गण्डकी प्रदेश सरकारबाट प्राप्त भएका पन्जा, मास्क लगायतका सामाग्रीहरु कास्कीमा कार्यरत पत्रकारहरुलाई स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्माले वितरण गर्नु भएको थियो भने



**साबुन पानीले हात मिचीमिची धोऔं !!!**

हेलो डाक्टर १०९२

मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा १२/१९ मा बसेको कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा उपचार कार्यक्रमको कोष संचालक समितीको बैठक सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्युको अध्यक्षतामा सम्पन्न भयो ।




गण्डकी प्रदेशमा कोभिड-१९ विरामीको उपचार गर्न तोकिएको डेडीकेटेड अस्पतालमध्ये धौलागिरि अंचल अस्पतालमा भेन्टिलेटर, PPE लगायत का सामाग्रीहरुको ढुवानी गरिएको छ ।

गण्डकी प्रदेश र पोखरामा शंकास्पद विरामीको नमुना संकलन गर्नको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य निर्देशनालय र पश्चिमान्चल क्षेत्रिय अस्पतालका प्रयोगशाला प्राविधिकहरुको Duty Roster तयार गरिएको छ ।



कोभिड १९ र यससंग सम्बन्धित चिकित्सकीय परामर्श लिनको लागि गण्डकी प्रदेश सरकारद्वारा संचालित हेल्लो डाक्टर सेवा - १०९२ मा आजसम्म ४३१ जनाले सेवा लिनुभएको छ ।

बजारमा प्राप्त भएका PPE सेटको डा भरत बहादुर खत्री र डा रोहिणी सिग्देलद्वारा प्रभावकारिता मुल्यांकन परिक्षण गरिएको छ ।



मिति २०७६/१२/१९ गते कोरोना भाइरस लगायत अन्य संक्रामक रोग रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि एम्बुलेन्स व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार शंकास्पद संक्रमित तथा कोरोना संक्रमण पुष्टि भएका व्यक्तिहरुको ओसारपसारका लागि अनिवार्य रुपमा व्यक्तिगत सुरक्षा सामग्री PPE को व्यवस्थापन गरि ६ वटा अस्पतालका एम्बुलेन्सहरुलाई पहिलो चरणमा खटाउने निर्णय गरियो ।





पोखराको मालेपाटनस्थित क्वारेन्टाइनस्थलको निरिक्षण गर्दै माननीय सामाजिक विकास मन्त्रीज्यु

# गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमुना र नतिजा सम्बन्धि विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | |
| कास्की | ११ | ३०९ | ४६ | २१६ | | | १११ | | ३८९ | ४१ | ३१ | 0 | १० |
| स्यांग्जा | ३४ | ११२ | १३ | ५१३ | | | ४ | - | | ८ | ८ | 0 | ० |
| तनहुँ | १३ | ७० | १ | ५५० | | | ४५ | - | ५८२ | ० | 0 | 0 | ० |
| लमजुङ्ग | ६८ | ९४९ | ४६ | - | ३ | १२३ | ५ | - | ९ | ७ | ७ | 0 | ० |
| गोरखा | १० | ११९ | ४ | २४८ | | | ३५ | २ | | २ | २ | 0 | ० |
| पर्वत | ११ | ३६३ | ११ | १८५ | | ३२६ | २० | ४ | ३१६ | १४ | ६ | 0 | ८ |
| म्याग्दी | १६ | १२५ | २४ | ९१ | | | ६ | १ | | ३ | ३ | 0 | ० |
| बाग्लुङ्ग | २३ | १५० | २६ | ८१५ | | | ९ | १ | | १८ | १६ | २ | ० |
| नवलपुर | २४ | ७४९ | ६६ | - | | | २४ | - | | - | - | - | - |
| मनाङ्ग | ६ | ५९ | १ | २ | ५ | ४० | ७ | - | ३ | - | - | - | - |
| मुस्ताङ्ग | १५ | ८३ | ७ | - | | | ६ | - | | - | - | - | - |
| **जम्मा** | २३१ | ४१०१ | २४५ | २६२० | ८ | ४८९ | २९३ | ८ | १२९९ | ९३ | ७३ | २ | १८ |

मिति २०७६/१२/२३ गतेको दिनमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशद्वारा गठित बिषयगत समितिको बैठक स्वास्थ्य निर्देशनालयमा बस्यो। बैठकमा विभिन्न बिषयगत समितिले गरेका कामहरु र चुनौतीहरुका बारेमा छलफल भयो।

क्वारेन्टाइन ब्यबस्थापन समितिका संयोजक बाबुराम आचार्यले क्वारेन्टाइनमा बसेकाहरुको खानपान, स्वास्थ्यस्थितिको रेखदेख, नमुना संकलन, समन्वय, समयाबधि सकिएपछि घर फर्कने योजनाहरुको बारेमा काम भैरहेको बारेमा जानकारी दिनु भएको थियो।

द्रुत प्रतिकार्य समितिका संयोजक डा. आर्याले बिदेशबाट आएकाहरुको खोजि कार्य गरिरहेको छ। यो समितिले खोजि कार्य कसरी गर्ने भन्ने बारेमा पनि अभीमुखिकरण कार्यक्रम संचालन गर्नु भएको थियो।

सूचना तथा संचार समितिका सम्योजक दिपेन्द्र श्रेष्ठले बदलिदो परिस्थिति अनुशार रेडियो तथा टेलिभिजन संदेश हरु परिमार्जन गरि निरन्तर प्रसारण गरिरहेको, फेसबुक क्याम्पेन, दैनिक वेबसाईट अपडेट का साथै प्रदेश सरकारले गरेका निर्णयहरुको कार्यन्वयनका लागि पहल गरिरहेको छ। यसै अवसरमा हेल्लो डाक्टर १०९२ मा आएका संदेश तथा गुनासोका बारेमा समेत जानकारी गराउनु भएको थियो।

**लक डाउनको बेला घरमै बस्नुहोस !**
**अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस !!**
**सामाजिक दुरी कायम राख्नुहोस !!!**

आपूर्ति ब्यबस्थापन समितिको संयोजक खिम बहादुर खड्काले हालको वास्तविक अबस्थाको बारेमा जानकारी गराउनु भएको थियो। आपूर्ति व्यबस्थापनको चुनौतिको रुपमा रहेको PPE लगाएत अन्य सामग्रीको किफायती प्रयोग गर्न सबै स्वास्थ्यकर्मीहरुलाई पुनः जानकारी दिनुपर्ने सुझाब दिनुभएको थियो । कसले कुन सामग्री प्रयोग गर्ने भनि



निर्देशिकालाई अनिबार्य कार्यन्वयन गर्न सुझाब दिनुभएको थियो। त्यसैगरी आजै बसेको कर्मचारी ब्यबस्थापन समितिले कोभिड-१९ बाट प्रभावित बिरामीको उपचारको लागि पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान (डेडीकेटेड आईसोलेसन अस्पताल)मा बिरामीको उपचार गर्नका लागि बिरामी आएदेखिको पहिलो हप्तामा मातृशिशु मितेरी अस्पताल बाट डा. सगुन अधिकारी र डा. सुमन अधिकारी साथै लागि पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानबाट डा. शारदा के.शी. र डा. सुजना प्रजापतिलाई खटाउने निर्णय गरेको छ। हेल्थ डेस्क समितिका संयोजक हेमन्त शर्मा पौडेलले लक डाउनको अवस्थामा हेल्थ डेस्क भन्दा पनि ज्वरो क्लिनिकको ब्यबस्थापनलाई पहल गर्नुपर्ने भनाई राख्नु भएको थियो।

एम्बुलेन्स ब्यबस्थापन समितिका संयोजक डोलराज पाण्डेले नियमित रुपमा बैठक बसिरहेको र छ वटा डेडीकेटेड एम्बुलेन्स तयारी अबस्थामा रहेको जानकारी दिनुभएको थियो । यो संकटकालीन अवस्थामा कुनै पनि एम्बुलेन्सले सेवा दिन अस्वीकार गरेमा कारबाही समेत गर्ने प्रस्ट पार्नु भएको थियो।

प्रयोगशाला ब्यबस्थापन समितिका संयोजक डा. डुक बहादुर छेत्रीले गण्डकी प्रदेश मै नमुनाको परीक्षण प्रमाणीकरण गर्न सुरु गरिएको बताउनु भयो । एकै पटक नमुना परीक्षण गर्दा र गुणस्तरीय रिजल्ट दिनको लागि बिहानमा मेसिनमा राखेको नमुनाको रिपोर्ट बेलुका मात्रै आउने हुनाले एकै घण्टामा रिपोर्ट नआउने बताउनु भयो। लक्षण नदेखिएको अबस्थामा नमुना परीक्षणको लागि दबाब नदिनको लागि पनि नागरिक लाई सहयोग गर्न आग्रह गर्नु भयो।

बजार अनुगमन समितिका संयोजक जिल्ला प्रशासन कार्यालय प्रमुख ज्ञान प्रसाद अर्यालले नागरिकलाई लक डाउनको महत्व बुझाउन विभिन्न कार्य गरिरहेको, दैनिक बजार तथा मेडिकल स्टोरको अनुगमन गरिरहेको, सेवामा नजाने एम्बुलेन्सलाई कारबाही गरिरहेको बताउनुभएको थियो।

स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोद बिन्दु शर्माले सबै समितिका संयोजकहरुलाई बिषेस धन्यबाद ज्ञापन गर्नु भएको थियो।



प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको सम्पर्क

**फोन: ०६१- ५२४०७४, टोल फ्री : १०९२**

**इमेल : pokharapheoc@gmail.com**

**प्रधान सम्पादक**: डा. बिनोद बिन्दु शर्मा **सम्पादकहरू** : श्री खिमबहादुर खड्का, श्री शम्भु ज्ञवाली, डा. रामबहादुर के.सी, डा. राजिब लालचन, श्री नबराज शर्मा, श्री अनिल राई, श्री शंकर अधिकारी, श्री सुरक्षा श्रेष्ठ